# कृषि विकास मन्त्रालय तथा विश्व खाद्य कार्यक्रम

**नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP)**

**यूरोपियन यूनियनको सहयोगमा**

**प्रेस विज्ञप्तिःखाद्य सुरक्षा अवस्था (साउन-कार्तिक २०७१)**

## वर्तमान अवस्था

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार यस अवधिमासुर्खेतका **छ गाविसहरु** (तरङ्गा, लेखपराजुल, हरिहरपुर, तातोपानी, घाटगाउँ र धारापानी) **उच्चतम खाद्य असुरक्षित अवस्था (चरण ३)**मा परेका थिए । यो त्यस्तो अवस्था हो जसमा घरधुरीहरुको खाद्य उपभोग अभावको अवस्था सामान्य भन्दा उच्च हुन्छ र घरधुरीहरु जीविकोपार्जनका साधनहरुको घट्दो परिस्थितिवाट मात्र न्यूनस्तरको खाद्य आवश्यकता पूरा गर्न सक्दछन् । भदौ महिनामा आएको बाढी र पहिरोको घटनाहरुकाकारण यसो भएको हो जुन घटनाहरुमा मानव क्षती मात्र नभईखाद्य संचिती र जीविकोपार्जनका माध्यमहरुमा पनि पछि परिपूर्ति नहुने खालको क्षती भएको थियो ।यी गाविसहरुमा, करिब ५,८१९ घरधुरीहरु (२५,१६७ मानिसहरु) उच्चतम खाद्य असुरक्षीत (चरण ३) अवस्थामा परेकोर प्रभावित मध्ये बहुसंख्यक घर परिवारहरु अस्थाइ टहराहरुमा आश्रय लिइ खाद्य तथा गैह्र खाद्य आवश्यकताका लागि वाह्य सहयोगमा निर्भर भएको रिपोर्ट छ ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार **७**जिल्लाका थप**१२७** गाविसहरु **मध्यम्स्तरीय खाद्य असुरक्षित अवस्था**मा (चरण २) परेका थिए । यो त्यस्तो अवस्था हो जसमा घरधुरीहरुले परम्परागत निर्वाहपद्धति अपनाएर न्यूनतम खाद्य आवश्यकताहरु परिपूर्ति गर्न सक्छन्, तर केही अत्यावश्यक गैह्र खाद्य आवश्यकताका लागि भने, पछि परिपूर्ति गर्न नसकिने खालका निर्वाहपद्धतिहरु नअपनाइकन उक्त आवश्यकता पूरा गर्न सक्दैनन् । जिल्लागत तहमा मध्यम्स्तरीय खाद्य असुरक्षीत अवस्थामा परेका गाविसहरुको संख्या निम्न अनुसार भएको पाइयो:**सल्यान (४), जाजरकोट (९), सुर्खेत (९), मुगु (९), हुम्ला (७), सप्तरी (५८),** र **सिरहा (३१) ।खाद्य असुरक्षित क्षेत्रहरुको भौगोलिक वितरण नक्सा १ मा हेर्न सकिनेछ ।**

पूर्वाञ्चल विकास क्षेत्रमा, सप्तरीका ५८ र सिराहाका ३१ गविसहरु गत बर्ष धान उत्पादनमा आएको ह्रासकाकारण निरन्तर रुपमा प्रभावित भएका छन् र मध्य मंसिरमा धान भित्र्याए पश्चात मात्र अवस्थामा सुधार आउने अपेक्षा गरिएको छ । पूर्वाञ्चल विकास क्षेत्रका बाँकी भागहरुविशेष गरी, खोटाङ्ग, भोजपूर, संखुवासभा, तेह्रथुम, पांचथर र ताप्लेजुङ्गमा खाद्य सुरक्षा अवस्थामा सुधार आएको छ। यस अवधिमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका जिल्लाहरुमा भने खाद्य सुरक्षा अवस्था स्थिर रह्यो र जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार सम्पूर्ण गाविस र नगरपालीकाहरु न्यूनतम खाद्य असुरक्षित अवस्थामा (चरण १) परेका थिए ।यस अवधिमा सुर्खेतका ६ गाविसहरु उच्चतम खाद्य असुरक्षित अवस्था (चरण ३) मा र ९ गाविसहरु मध्यमस्तरीय खाद्य असुरक्षित (चरण २) मा भएतापनि भदौ महिनाको बाढीका कारण अस्थाइ रुपमा खाद्य सुरक्षा अवस्था बिग्रीएको मध्य पश्चिमाञ्चल विकास क्षेत्रका केही जिल्लाहरुमा भने अवस्थामा सुधार आएको छ । पश्चिमाञ्चल र मध्यमाञ्चल विकास क्षेत्रमा निरन्तर रुपमा खाद्य सुरक्षा अवस्था स्थिर रहेको हुनाले सम्पूर्ण गाविसहरु न्यूनतम खाद्य असुरक्षित अवस्थामा (चरण १) परेका थिए ।

यस अवधिमा मकै बाली भित्र्याइएको र धान बाली भित्र्याउन सुरु भएको छ । अतः सामान्यतया, घरधुरीको खाद्य संचितीमा सुधार आएको छ; विशेष गरी मध्य पहाडी क्षेत्र जहाँ मकै मुख्य बाली हो र सुदूर पश्चिमाञ्चल विकास क्षेत्र जहाँ धान बाली सापेक्षिक रुपमा छिटो भित्र्याइन्छ । मध्य तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका केही जिल्लाहरुमा (बाँके, बर्दिया, सुर्खेत, दाङ र कैलाली) भदौ महिनामा गम्भिर बाढी तथा पहिरोका घटनाहरु भए जसले गर्दा कृषि क्षेत्र, जीविकोपार्जन र समग्र खाद्य सुरक्षाप्रभावीत भयो । प्राय प्रभावित क्षेत्रहरुमा अवस्थामा सुधार आई यस अवधिमा न्यूनतम खाद्य असुरक्षित अवस्था (चरण १) मा भएतापनि सुर्खेतका १५ गाविसहरु चरण २ वा उच्चतम खाद्य असुरक्षित अवस्थामा छन् (माथि उल्लेख भए अनुसार) ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले देशका बाँकी भागहरुलाई**न्यूनत्तम् खाद्य असुरक्षित** अवस्थामा (चरण १) वर्गिकृत गरेकाछन् । यो त्यस्तो अवस्था हो जसमा जीविकोपार्जनका पद्धतिहरु (उपायहरु) परिवर्तन नगरिकन घरधुरीहरुले खाद्य र गैह्र खाद्य आवश्यकताहरु पुरा गरिरहेका (धानि रहेका) हुन्छन् । यी घरधुरीहरु खतराजन्य अवस्था, प्रकोप, संकट, माहामारी, र द्वन्द्व जस्ता घटनाहरुबाट हुने सामान्यस्तरका तनावहरुमा विद्यमान सामाजिक,प्राकृतिक तथा आर्थिक स्रोत मार्फत गुजारागर्नसक्दछन् । यी क्षेत्रहरुमा हिउँदे बालीको मौज्दात खाद्य संचिती र हालैभित्र्याइएकोवर्षे बाली (विशेष गरी मकै),बजारहरुको सुचारु सञ्चालन, र ज्यालादारी रोजगारी, कृषि तथा पशुजन्य उत्पादन (अलैंची, चिया, अदुवा, सुन्तला जातका फलफुल र बेमौसमी फलफुल तथा तरकारी), गैह्र काष्ठ वन पैदावार मार्फत भएको आम्दानी र विप्रेषणले खाद्य बस्तुहरुको राम्रो उपलब्धता र पहुँचमा मद्दत पुऱ्यायो ।

## पूर्वानुमान

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले आउँदो चार महिनाको अवधि(मंसिर-फागुन२०७१) मा**१९४** गाविसहरु(**अछाम-१९, बाजुरा-७, डोटी-२४, बैतडी-१४, दार्चुला-२०, बझाङ-२७, सल्यान-४, जाजरकोट-९, सुर्खेत-१५, मुगु-२४, हुम्ला १८, र कालीकोट-१३**)**मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था**मा (चरण २) वा सो भन्दा तल्लो स्तरमाजाने प्रक्षेपण गरेको छ । मंसिर-फागुन २०७१ अवधिमा**मुगुको ९ गाविसहरु** (श्रीनगर, कार्कीबाडा, सुकाधिक, सेरी, श्रीकोट, गम्था, कोटडाँडा, खमाले र धैनाकोट), **हुम्लाका ७ गाविसहरु** (थेहे, डाँडाफाया, गोथी, साया, लाली, छिप्रा र खर्पुनाथ), **सुर्खेतका ६ गाविसहरु** (तरङ्गा, लेखपराजुल, हरिहरपुर, तातोपानी, घाटगाउँ र धारापानी) मा खाद्य सुरक्षा अवस्था बिग्रीएर **उच्चतम खाद्य असुरक्षित अवस्था (चरण ३)** तर्फ जान सक्ने हुनाले निकटबाट अनुगमन गर्न जरुरी छ । सप्तरीका ५८ गाविसहरु र सिरहाका ३१ गासिहरुमा धान बाली भित्र्याइए पश्चात घरधुरीको खाद्य संचितीमा बृद्धि हुने हुनाले खाद्य सुरक्षा अवस्थामा सुधार आई न्यूनतम खाद्य असुरक्षित अवस्थामा (चरण १) जाने अनुमान छ ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले आउँदो चार महिनाको अवधिमा (मंसिर-फागुन२०७१) देशका बाँकी भागहरु **न्यूनतम खाद्य असुरक्षित** अवस्थामा रहने प्रक्षेपण गरेका छन् । यस अवधिमा, धान बाली पूर्ण रुपमा भित्र्याइनेछ जसको फलस्वरुप अधिकांश घरधुरीहरुसंग बढ्दो खाद्य संचिती हुनेछ । तथापि, मनसुनी वर्षा ढिलो सुरु भई धान बाली लगाउन ढिलाई भएको हुनाले कृषि विकास मन्त्रालयले समग्र धान उत्पादनमा सम्भाव्य ह्रास आउने अनुमान गरेको छ । सामान्य मूल्यमा उतारचढाव र पर्याप्त संचितीका साथमा बजारहरुले खाद्य बस्तुहरुको स्थानीय माग पूरा गर्न सक्ने अनुमान छ । यसका अतिरिक्त ज्यालादारी रोजगारी, कृषि तथा पशुजन्य उत्पादनको बेचबिखन र विप्रेषण मार्फत हुने आम्दानीले घरधुरीको खाद्य पहुँच र उपलब्धतामा निरन्तर योगदान पुग्ने अनुमान छ ।

हालको विस्तृत खाद्य सुरक्षा अवस्था (साउन-कार्तिक २०७१) र खाद्य सुरक्षा अवस्था पूर्वानुमान (मंसिर-फागुन२०७१) को विस्तृत जानकारी नेपाल खाद्य सुरक्षा बुलेटिन अंक ४२ मार्फत निम्न विद्युतीय ठेगानामा उपलब्ध गराइने छः www.neksap.org.np.

## पुष्ठभूमि

नेपालको ७५ मध्ये ७४ जिल्ला (काठमाडौं बाहेक) का जिल्ला खाद्य सुरक्षा सञ्जालहरु सहित नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) राष्ट्रव्यापी रुपमा कार्यरत छ । राष्ट्रिय योजना आयोगको रणनीतिक निर्देशन र यूरोपियन यूनियनको वित्तीय सहयोगमा, कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमले NekSAP कार्यान्वयन गर्दछन् । थप साझेदारहरुमा, खाद्य तथा कृषि संगठन, UNICEF, राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालय, ICIMOD, र CGIAR कृषि तथा जलवायु अनुसन्धान कार्यक्रम, कृषि तथा खाद्य सुरक्षा (CCAFS)पर्दछन् ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुलेनेपालमा तीव्र खाद्य असुरक्षा को गम्भीरता र कारणहरु वर्गीकरण गर्नका लागि ***एकीकृत खाद्य सुरक्षा चरण वर्गिकरण (IPC)***विधीको प्रयोग गर्दछन[1] । चरण वर्गिकरण विधी मार्फत जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले स्थापित प्रक्रिया र साधनहरुको प्रयोग गरि खाद्य असुरक्षाको गम्भिरतालाई पाँच चरणमा वर्गिकरण गर्दछन् -

- **न्यूनतम खाद्य असुरक्षित (चरण १)-** यस अवस्थामा जीविकोपार्जनका पद्धतिहरु (उपायहरु) परिवर्तन नगरिकन घरधुरीहरुले खाद्य र गैह्र खाद्य आवश्यकताहरु पुरा गरिरहेका (धानि रहेका) हुन्छन् ।
- **मध्यम्स्तरीय खाद्य असुरक्षित अवस्था (चरण २)**-यस अवस्थामा घरधुरीहरुले परम्परागत निर्वाहपद्धति अपनाएर न्यूनतम् खाद्य आवश्यकताहरु परिपूर्ति गर्न सक्छन्, तर केही अत्यावश्यक गैह्र खाद्य आवश्यकताका लागि भने पछि परिपूर्ति गर्न नसकिने खालका निर्वाहपद्धतिहरु नअपनाई उक्त आवश्यकता पूरा गर्न सक्दैनन् ।
- **उच्चत्तम् खाद्य असुरक्षित अवस्था (चरण ३)-** यस अवस्थामा घरधुरीहरु खाद्य उपभोग अभावको उच्चतम अवस्थामा हुन्छन वा जीविकोपार्जनका साधनहरुको घट्दो परिस्थितिवाटमात्र न्यूनस्तरको खाद्य आवश्यकता पूरा गर्न सक्दछन् ।
- **आपतकालीन वा गम्भिर खाद्य असुरक्षित अवस्था (चरण ४)-** यस अवस्थामा घरधुरीहरुले जीविकोपार्जनका साधनहरु नगुमाइकन खाद्य तथा गैह्र खाद्य आवश्यकताहरु परिपूर्ति गर्न सक्दैनन्; र
- **मानवीय आपतकालीन अवस्था (चरण ५)**-यस अवस्थामा घरधुरीहरु खाद्यान्न र अन्य आधारभूत आवश्यकताहरुको चरम अभावमा हुन्छन् जहाँ भोकमरी, अभाव, मुख्य स्रोतहरुको परिपूर्ति नहुने गरी क्षती भएको र  मानवीय क्षती भएको प्रष्ट देखिन्छ ।




नक्सा १: नेपालको खाद्य सुरक्षा अवस्था (साउन-कार्तिक२०७१)

[1]नेपालको खाद्य सुरक्षा अवस्थाको समग्र चित्रणका लागि गम्भिर खाद्य असुरक्षा, कुपोषण र गरिबी सम्बन्धि थप स्रोत मार्फत उपलब्ध परिपूरक सूचनाहरु हेर्न जरुरी छ: नेपाल जनसंख्या र जनस्वास्थ्य सर्वेक्षण २०६७, नेपाल जीवनस्तर सर्वेक्षण २०६८, नेपालको खाद्य असुरक्षा र कुपोषणको लघु क्षेत्रीय अनुमान २०७०, र एकिकृत चरण वर्गिकरण गम्भिर खाद्य सुरक्षा विश्लेषण २०७० ।